नेपाल सरकार
शिक्षा मन्त्रालय
व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना
वुद्धनगर, काठमाडौं ।

**पुरान सामानहरु लिलाम सम्वन्धि बोलपत्र आह्वानको सूचना**
**प्रथम पटक प्रकाशित मिति २०७४/०२/१९**

यस परियोजनामा रहेका पुराना सामानहरु ( फर्निचरहरु ) जे जस्तो अवस्थामा छन् सोही अवस्थामा वोलपत्रको माध्यवाट लिलामा विक्री गर्नु पर्ने भएकाले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन सम्म वोलपत्र खरिद गरी १६ औ दिन दिनको १२.०० वजे सम्म दर्ता गराउन हुन इच्छुक व्यक्ति ¸फर्म वा कम्पनीबाट वोलपत्र आह्वान गरिएको छ । यस सम्वन्धमा विस्तृत व्यहोरा वोलपत्र फारामा उल्लेख छ र यस अतिरिक्त अन्य कुरा वुझ्न परेमा वा सामान हेर्न चाहेमा यस परियोजनाको स्टोर शाखामा सम्पर्क राखि वुझ्न सकिने छ । यस सूचनामा लिलाम गरीने सामानहरुको सम्पुर्ण विवरण यस परियोजनाको वेवसाइट www.event.gov.np मा हेर्न सकिने छ ।

**लिलाम हुने सामानको न्युनतम मुल्य रु ७०३५५। ( अक्षेरेपी सत्तरी हजार तिन सय पचपन्न रुपैया मात्र)**

बोलपत्रसम्बन्धी शर्तहरू

१. बोलपत्र फाराम यस परियोजनाको स्टोर शाखामा रु. ३००।- (अक्षरुपी तिन सय रुपैयाँ मात्र) फिर्ता नहुने गरी बुझाएको रसिद पेश गरेपछि भण्डार शाखाबाट उपलब्ध हुनेछ ।

२. यस परियोजनाबाट बिक्री भएको बोलपत्र फाराममा परियोजनाकको छाप र परियोजना निर्देशकको दस्तखत भएको हुनुपर्नेछ ।

३. बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन कार्यालय समयभित्र खरिद गरिसक्नुपर्नेछ । सिलबन्दी बोलपत्रफाराम राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएको मितिले १६औं दिन दिनको १२:०० बजेभित्र परियोजनामा दाखिला गरिसक्नुपर्नेछ र सोही दिन दिनको १:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस परियोजनामा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा कार्यालय खुलेको दिन सोही समयमा उपरोक्तानुसारको कार्य हुनेछ ।

४. बोलपत्रसाथ जमानतबापत आफूले कबोल गरेको दररेट अनुसारले हुन आउने कुल रकमको १०% (दश प्रतिशत) रकम यस परियोजनाका कोष तथा लेखा नियन्त्रक कार्यालयको नेपाल राष्ट्र बैंक, थापाथलीको धरौटी खाता नं. १२०१२००००१००२५२४ मा नगद जम्मा गरी त्यसको सक्कल बैंक भौचर वा यस परियोजनाको नाममा जारी भएको कम्तिमा ९० दिन म्याद भएको (बोलपत्र बुझाउने अन्तिम मितिबाट) बोलपत्र जमानत (विड वण्ड) संलग्न हुनुपर्नेछ ।

५. बोलपत्रदाताले स्पष्ट रूपमा प्रोपाइटर, कारोबार गर्ने मुख्य व्यक्ति, कारोबार गर्ने मुख्य स्थल वा पसल, फोन आदि सबै कुराको जानकारी उपलब्ध गराउनुपर्नेछ ।

६. बोलपत्र फाराममा कबोल रकम स्पष्ट अंक र अक्षरमा किटान गरी खुलाउनुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।

७. स्वीकृत बोलपत्रदाताले सकारेको सम्पूर्ण जिन्सी सामानहरू संझौता भएको मितिले १५ (पन्ध्र) दिनभित्र कबोल गरेको पूरा रकम बुझाई कार्यालय प्रशासनले देखाएको ठाउँबाट जे जस्तो अवस्थामा छ सोही अवस्थामा उठाई लैजानुपर्नेछ । कबोलवालाले तोकिएको समयभित्र नउठाएमा निजको जमानत वापत राखेको धरौटी रकम जफत गरी दोस्रो बढी वालालाई निजले सकार गरेको पूरा रकम जम्मा गर्न लगाई लिलामका सामानहरु दिन सकिनेछ ।

८. दुई वा दुई भन्दा बढी बोलपत्रदाताहरुले संयुक्त रुपमा बोलपत्र दर्ता गरेमा आपसी साझेदारीको संझौता पत्र (Joint Venture) को कागजात अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । अन्यथा त्यस्ता बोलपत्रलाई मान्यता दिइने छैन ।

९. लिलाम गरिने मालसामानको न्यूनतम मूल्य रु.७०३५५।- (सत्तरी हजार तिन सय पचपन्न रुपैयाँ पैसा मात्र) कायम गरिएको छ । बोलपत्रदाताले यसै रकमलाई न्यूनतम मानी बोल कबोल गर्नुपर्नेछ ।

१०. कार्यालयलाई आर्थिक दायित्व पर्नेगरी कुनै पनि शर्तहरू मान्य हुने छैन ।

११. नियमानुसार लाग्ने सम्पूर्ण करहरू बोलपत्रदाता आफैंले व्यहोर्नुपर्नेछ ।

१२. कुनै पनि कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस परियोजनामा सुरक्षित रहनेछ ।

१३. यसमा छुट भएका कुराहरू आर्थिक कार्यविधि नियमावली २०६४ तथा प्रचलित ऐन नियमानुसार हुनेछ ।

# सामानहरुको नाम

| क्रस | जिन्सि वर्गिकरण संकेत नं | मालसानको नाम | सुरु प्राप्त मिति | प्रयोग भएको वर्ष | परिणाम | परल मुल्य | हाल अनुमानित मूल्य | जिन्सी निसर्ग/लिलाम गर्नुपर्ने कारण | जिन्सी निसर्ग/किसिम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४७ | अफिस टेवुल सानो | ०६८/६/८ | ५ | ५ | ४८२५०.०० | | टुटफुट भ काम नलाग्ने भएको | लिलाम, बिक्री गर्नुपर्ने |
| २ | ४७ | अफिस टेवुल सानो | ०६९/१/९ | ५ | २ | १९३००.०० | | टुटफुट भ काम नलाग्ने भएको | लिलाम, बिक्री गर्नुपर्ने |
| ३ | ४७ | अफिस टेवुल सानो | ०७०/२/१६ | ५ | १ | ११९५०.०० | | टुटफुट भ काम नलाग्ने भएको | लिलाम, बिक्री गर्नुपर्ने |
| ४ | ४७ | मिटिङ्ग कुर्सि | ०६८/६/२५ | ५ | ३० | १३३९०५.०० | | टुटफुट भ काम नलाग्ने भएको | लिलाम, बिक्री गर्नुपर्ने |
| ५ | ४७ | टि टेवल | ०६८/६/८ | ५ | १ | ९८८७.५० | | टुटफुट भ काम नलाग्ने भएको | लिलाम, बिक्री गर्नुपर्ने |
| ६ | ४७ | टि टेवल | ०६८/६/११ | ५ | १ | ७३४५.०० | | टुटफुट भ काम नलाग्ने भएको | लिलाम, बिक्री गर्नुपर्ने |
| ७ | ४७ | टि टेवल | ०६८/६/११ | ५ | १ | ७९१०.०० | | टुटफुट भ काम नलाग्ने भएको | लिलाम, बिक्री गर्नुपर्ने |
| ८ | ४७ | यु.पि.एस | ०६८/४/५ | ५ | १ | १६९५०.०० | | टुटफुट भ काम नलाग्ने भएको | लिलाम, बिक्री गर्नुपर्ने |
| ९ | ४७ | यु.पि.एस | ०६८/४/१५ | ५ | १ | १६९५०.०० | | टुटफुट भ काम नलाग्ने भएको | लिलाम, बिक्री गर्नुपर्ने |
| १० | ४७ | यु.पि.एस | ०६८/५/१ | ५ | १ | १६९५०.०० | | टुटफुट भ काम नलाग्ने भएको | लिलाम, बिक्री गर्नुपर्ने |
| ११ | ४७ | यु.पि.एस | ०६८/९/२१ | ५ | ५ | ८४७५०.०० | | टुटफुट भ काम नलाग्ने भएको | लिलाम, बिक्री गर्नुपर्ने |
| १२ | ४७ | काठको सि.पि.यु. राख्ने | ०६८/८/११ | ५ | ५ | १६९५०.०० | | टुटफुट भ काम नलाग्ने भएको | लिलाम, बिक्री गर्नुपर्ने |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १३ | ४७ | ह्याइटर वोर्ड | ०६८/८/११ | ५ | ५ | ३६७२५.०० | | टुटफुट भ काम नलाग्ने भएको | लिलाम, बिक्री गर्नुपर्ने |
| १४ | ४७ | नोटिस वोर्ड | ०६८/८/०९ | ५ | ३ | २०३४०.०० | | टुटफुट भ काम नलाग्ने भएको | लिलाम, बिक्री गर्नुपर्ने |
| १५ | ४७ | ग्यास हिटर | ०६८/८/९ | ५ | ४ | ६१२००.०० | | टुटफुट भ काम नलाग्ने भएको | लिलाम, बिक्री गर्नुपर्ने |
| १६ | ४७ | हेलोजिन हिटर | ०६८/८/९ | ५ | ५ | १२७१२.५० | | टुटफुट भ काम नलाग्ने भएको | लिलाम, बिक्री गर्नुपर्ने |
| १७ | ४७ | भ्याकुम ल्किनर | ०६८/८/९ | ५ | २ | २१४७०.०० | | टुटफुट भ काम नलाग्ने भएको | लिलाम, बिक्री गर्नुपर्ने |
| १८ | ४७ | कोट स्ट्याण्ड | ०६८/१२/०५ | ५ | ४ | २३५०४ | | टुटफुट भ काम नलाग्ने भएको | लिलाम, बिक्री गर्नुपर्ने |
| १९ | ४७ | काठको कुर्सि | ०७०/१/१५ | ३ | २ | ७६८५ | | टुटफुट भ काम नलाग्ने भएको | लिलाम, बिक्री गर्नुपर्ने |
| २० | ४७ | टेवुल काठको | ०७०/२/१३ | ४ | २ | २०२३७ | | टुटफुट भ काम नलाग्ने भएको | लिलाम, बिक्री गर्नुपर्ने |
| २१ | ४७ | टेवुल काठको | ०७१/२/२६ | ३ | २ | ५५३७० | | टुटफुट भ काम नलाग्ने भएको | लिलाम, बिक्री गर्नुपर्ने |
| २२ | ४७ | टेवुल काठको | ०७१/२/२६ | ३ | ३ | ४५६७५ | | टुटफुट भ काम नलाग्ने भएको | लिलाम, बिक्री गर्नुपर्ने |
| २३ | ४७ | टेवुल काठको | ०७१/३/२३ | ३ | १ | १५८२० | | टुटफुट भ काम नलाग्ने भएको | लिलाम, बिक्री गर्नुपर्ने |
| २४ | ४७ | स्मार्ट मोवाइल फोन | ०६९/९/२१ | ४ | १ | ३१००० | | टुटफुट भ काम नलाग्ने भएको | लिलाम, बिक्री गर्नुपर्ने |
| २५ | ४७ | स्मार्ट मोवाइल फोन | ०६९/१२/०९ | ४ | १ | ३२५०० | | टुटफुट भ काम नलाग्ने भएको | लिलाम, बिक्री गर्नुपर्ने |
| | | | | | | **७७५३३६.००** | **७०३५५.००** | | |